मानेभन्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- ०८१/८२
च.नं.:-

मितिः २०८१-०९-११
ने.सं. ११४५, थिंलागा, ११, बिहीवार

## मानेभन्ज्याङ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता -२०८१ सञ्चालन सम्वन्धी सूचना ।

चालु शैक्षिक सत्र २०८१ मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्र/छात्राहरूबीच आ-आफ्नो समूहमा स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता - २०८१ अन्तर्गत मानेभन्ज्याङ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८१/०९/१० गतेको निर्णयानुसार मिति २०८१/०९/२५ गते देखि २०८१/०९/२७ गते सम्म हर्कपुर मा.वि. हर्कपुरको खेल मैदानमा देहाय अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकाले प्रतियोगितामा सहभागि हुन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौं संशोधन सहित) को अनुसूची -१ अनुसार फाराम भरी मिति २०८१/०९/१६ गते दिनको ४ बजेभित्र सहभागी खेलाडीहरूको विवरण पेश गर्नुहुन सम्वन्धित विद्यालयहरूलाई यसै सूचना मार्फत अनुरोध गरिन्छ । साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने विद्यार्थीले भर्नुपर्ने अनुसूची -१ अनुसारको फारमको ढाँचा यसै साथ संलग्न गरिएको छ ।

देहायः

१. भलिवलः छात्र र छात्रा दुवै तर्फ

२. कवड्डीः छात्र र छात्रा दुवै तर्फ

३. एथ्लेटिक्सः

क) दौड (ट्र्याक) तर्फः

छात्रः १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि, ३००० मि, ४ X १०० मि. रिले, ४ X ४०० मि. रिले

छात्राः १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि, ३००० मि, ४ X १०० मि. रिले, ४ X ४०० मि. रिले

ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड

छात्राः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

४. मार्सल आर्ट तर्फः

क) कराँते

छात्रः U '४२' केजी, U '४७' केजी, U '५२' केजी, U '५७' केजी, U '६२' केजी, (काता एकल)

छात्रा U '४०' केजी, U '४५' केजी, U '५०' केजी, U '५५' केजी, U '६०' केजी, (काता एकल)

२०८१०९११
दिलिप कुमार मगर
प्रमुख प्रशासकीय अधिकृत

क्रमश........



CamScanner

ख) तेक्वान्दोः

छात्रः U '४५' केजी, U '४८' केजी, U '५१' केजी, U '५५' केजी, U '५९' केजी, (एकल)

छात्रा U '४२' केजी, U '४४' केजी, U '४६' केजी, U '४९' केजी, U '५२' केजी, (एकल पुम्से)

ग) उसु

थाओलु तर्फः

छात्रः Chang Quan, Nan Quan, and Taiji Quan

छात्राः Chang Quan, Nan Quan, and Taiji Quan

सान्सौ तर्फः

छात्रः ४२ केजी, ४५ केजी, ४८ केजी

छात्राः ४२ केजी, ४५ केजी, ४८ केजी

नोटः

१) एथ्लेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले वढिमा एक फिल्ड र दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छन् ।

२) प्रत्येक विद्यालयले भलिवल र कवड्डी खेलतर्फ वढिमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरू पठाउन सक्नेछन् ।

३) चालु शैक्षिक सत्र २०८१ मा मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका (२०६३/०९/१६ वा सो भन्दा पछाडी जन्म भएका) विद्यार्थीहरू मात्र प्रतियोगितामा सहभागि हुन पाउने छन् ।

४) अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

५) प्रतियोगितामा सहभागी हुनको लागि खेलाडीहरूको जन्म दर्ताको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६) खेलाडीको नाम दर्ता गर्नु पूर्व अनिवार्य रूपमा खेलाडीको दुर्घटना वीमा गरेको हुनुपर्नेछ ।

७) जिल्ला खेलकुद विकास समितिको मिति २०८१/०८/२८ को प्राप्त पत्रानुसार प्रत्येक इभेन्टमा विजेता हुने विद्यालयले १ अङ्क प्राप्त गर्नेछ ।

८) कुनै इभेन्टमा कुनै एक विद्यालयका मात्र खेलाडी सहभागी भएमा विद्यालयले पाउँने अङ्क प्राप्त गर्ने छैन तर खेलाडीलाई मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

९) प्रतियोगिता सम्वन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौं संशोधनसहित) अनुसार हुनेछ ।

२०८१/०८/११

दिलिप कुमार मगर
अधिकृतस्तर छैटौं

वोधार्थः श्री सूचना तथा प्रविधि शाखाः सूचना सम्प्रेपण गरिदिनुहुन ।



CamScanner

# मानेभञ्ज्याङ गाउँपालिका,ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

अनुसूची -१

सहभागी हुन भर्नुपर्ने फारमको ढाँचा

(दफा ९ को उपदफा (१) र उपदफा (६), दफा १२ को उपदफा (१) र दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारम**

फोटो

(१) सहभागी विद्यार्थीको नामः

(२) विद्यालयको नाम र ठेगानाः

(३) क) शै.स. २०८१ मा अध्ययनरत कक्षाः  ख) विद्यालयको इमिस कोडः

ग) विद्यार्थीको इमिस कोड नः

(४) जन्म मितिः

(५) सहभागी हुने खेलः

(६) सहभागी विद्यार्थीको हस्ताक्षरः

उल्लेखित वेहोरा ठीक साँचो हो । उल्लेखित विवरण भएको विद्यार्थी खेलाडी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (पाँचौं संशोधन सहित) को मापदण्ड विपरित र अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी नभएको वेहोरा प्रमाणित गर्नेः

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिवको | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| मोबाइल नः | मोबाइल नः | मोबाइल नः | मोबाइल नः |
| विद्यालयको छापः | समितिको छापः | समितिको छापः | समितिको छापः |

नोटः विद्यार्थीको फोटोमा मुखाकृति नबिग्रिने गरी सम्वन्धित प्रधानाध्यापकले प्रमाणित गर्नुपर्नेछ ।
खेलाडीको जन्म दर्ताको प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

२०८१।१०।२२
दिलिप कुमार मगर
अधिकृतस्तर छैटौं

CamScanner